भाग ४

महालेखापरीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवाका राजपत्राँकित द्वितीय श्रेणिका निर्देशक श्री रामचन्द्र बरालको सेवा अवधि महालेखापरीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ९२ को उप-नियम (१) बमोजिम मिति २०५२।१।१६ मा ३० वर्ष पूरा भएकोले सोही नियमको उप–नियम (२) ले दिएको अधिकार प्रयोग गरी महालेखापरीक्षकले निजको सेवा अवधि २०५२।१।१७ देखि पाँच वर्ष थप गरेको छ ।

आज्ञाले,
विष्णुबहादुर के.सी.
का.मु. उप-महालेखापरीक्षक

भूलसुधार

खण्ड ४४ पूर्वातिरिक्ताङ्क ४८ (ग) नेपाल राजपत्र भाग ३ मिति २०५१।१०।१९ मा प्रकाशित आवास तथा भौतिक योजना मन्त्रालयको सूचना २ को (ख) खण्डमा "श्री कृष्ण यादव, सिनुर जोरा गाउँ विकास समिति वार्ड नं. १ सोहनी टोल-सदस्य" र संख्या ५० मिति २०५१।१२।२० मा प्रकाशित सूचना ४ को (ढ) खण्डमा 'भवन' हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

आवास तथा भौतिक योजना मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

999

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

992